# <u>बराहक्षेत्र नगरपालिकाको आर्थिक ऐन, २०७५</u>

**प्रस्तावनाः** बराहक्षेत्र नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बराहक्षेत्र नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बराहक्षेत्र नगरपालिकाको आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि बराहक्षेत्र नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि (८) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **विविध कर दस्तुरः** (१) दफा २ देखि १४ सम्म उल्लेख भएदेखि बाहेक अन्य कर वा दस्तुर अनुसूची १३ मा उल्लेखित दरमा असुल उपर गरिनेछ ।

(२) उपदफा १ मा उल्लेख भए बाहेकको शिर्षक र सो को दर राजश्व परामर्श समितिले सिफारिस गरे बमोजिम कार्यपालिकाले निर्णय गरेको कर दस्तुर वा शुल्क भएमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।यस्ता कर दस्तुर वा शुल्कलाइ अनुसूचीमा ब्यवस्थित गर्दै लगिनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

# अनुसूची -१

## आर्थिक वर्ष २०७५/०७६ को लागि सम्पती करको विवरण

| क्र.सं. | विवरण | करको दर रु.(वार्षिक) | कैफियत |
|---|---|---|---|
| १. | रु. २ लाख सम्म | रु. ५० | |
| २. | रु. २ लाख १ देखी रु. ५ लाख सम्म | रु. १०० | |
| ३. | रु. ५ लाख १ देखी रु. ७ लाख सम्म | रु. १५० | |
| ४. | रु. ७ लाख १ देखी १० लाख सम्म | रु. २०० | |
| ५. | १० लाख १ देखी १५ लाख सम्म | रु. २५० | |
| ६. | १५ लाख १ देखी २० लाख सम्म | र. ३०० | |
| ७ | २० लाख १ देखी २५ लाख सम्म | रु. ४०० | |
| ८ | २५ लाख १ देखी ३० लाख सम्म | रु. ५०० | |
| ९ | ३० लाख १ देखी ३५ लाख सम्म | रु. ६०० | |
| १० | ३५ लाख १ देखी ४० लाख सम्म | रु. ७०० | |
| ११ | ४० लाख १ देखी ५० लाख सम्म | रु. ९०० | |
| १२ | ५० लाख १ देखी ६० लाख सम्म | रु. ११०० | |
| १३ | ६० लाख १ देखी ८० लाख सम्म | रु. १४०० | |
| १४ | ८० लाख १ देखी ९० लाख सम्म | रु. १६०० | |
| १५ | ९० लाख भन्द माथी जतीसुकै भएपनि | रु. १९०० | |

## घर तथा घरले चर्चेको संरचनाको मुल्याङ्कन दर

| क्र.सं | विवरण | प्रति वर्ग मिटर | करको दर (रू.) बार्षिक | कैफियत |
|---|---|---|---|---|
| १ | भित्र कांचो बाहिर पाको ईटामा माटोको जोडाई, छाना जस्ता, झिगटी, टायल वा एस्बेस्टस् भएको | प्रति बर्ग मिटर | ८२५०।०० | |
| २ | भित्र बाहिर पाको ईटामा माटोको जोडाई, छाना जस्ता, झिगटी, टायल वा एस्बेस्टस् भएको | प्रति बर्ग मिटर | १०६७०।०० | |
| ३ | भित्र बाहिर पाको ईटामा माटोको जोडाई, छाना जस्ता, झिगटी, टायल वा एस्बेस्टस् भएको र बाहिर सिमेन्ट प्लाष्टर भएको | प्रति बर्ग मिटर | ११७७०।०० | |
| ४ | भित्र बाहिर पाको ईटामा माटोको जोडाई, छाना आर.सि.सि./आर.बि.सि. भएको | प्रति बर्ग मिटर | १२४३०।०० | |
| ५ | भित्र बाहिर पाको ईटामा बज्रको जोडाईमा, छाना जस्ता, झिगटी, टायल वा एस्बेस्टस् भएको | प्रति बर्ग मिटर | १२१००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | भित्र बाहिर पाको ईटामा बज्रको जोडाईमा, छाना जस्ता, झिगटी, टायल वा एस्बेस्टस् भएको र सिमेन्ट प्लाष्टर भएको | प्रति बर्ग मिटर | १३२००।०० | |
| ७ | भित्र बाहिर पाको ईटामा बज्रको जोडाईमा, छाना आर.सि.सि./आर.बि.सि. भएको र सिमेन्ट प्लाष्टर भएको | प्रति बर्ग मिटर | १३७५०।०० | |
| ८ | सिमेन्ट जोडाई छाना : जस्ता, झिगटी, टायल वा एस्बेस्टस भएको | प्रति बर्ग मिटर | १३३१०।०० | |
| ९ | सिमेन्ट जोडाई छाना : आर.सि.सि./आर.बि.सि. भएको | प्रति बर्ग मिटर | १३९७०।०० | |
| १० | आर.सि.सि. फ्रेम स्ट्रक्चर | प्रति बर्ग मिटर | २०५००।०० | |
| ११ | आर.सि.सि. फ्रेम स्ट्रक्चर भई लिफ्ट् जडान भएको | प्रति बर्ग मिटर | १४०८०।०० | |
| १२ | काठै काठको घर छाना: जस्ता, टायल, झिगटी वा एस्बेस्टस् भएको | प्रति बर्ग मिटर | १२७६०।०० | |

## अनुसूची - २
## आर्थिक वर्ष २०७५/०७६ को लागि भूमि कर (मालपोत) को दर विवरण

| क्र.सं. | विवरण | कालोपत्रे पक्की सडकसंग जोडिएको जग्गा | ग्राभेल सडकले छोएको जग्गा | कच्ची बाटोसंग जोडिएको जग्गा | बाटोले नछोएको अन्य भित्री जग्गा |
|---|---|---|---|---|---|
| १ | ३ कठ्ठा सम्म न्युनतम एकमुष्ठ | १००।०० | ७०।०० | ५०।०० | ४०।०० |
| २ | ३ कठ्ठा १ धुरदेखि १० कठ्ठासम्म प्रति कठ्ठा | ३५।०० | २५।०० | १८।०० | १६।०० |
| ३ | १० कठ्ठा १ धुरदेखि १ विघासम्म प्रति कठ्ठा | ४०।०० | ३०।०० | २२।०० | २०।०० |
| ४ | १ विघा १ धुरदेखि २ विघासम्म प्रति कठ्ठा | ४२।०० | ३२।०० | २८।०० | २५।०० |
| ५ | २ विघा १ धुरदेखि ३ विघासम्म प्रति कठ्ठा | ४५।०० | ४२।०० | ४०।०० | ३५।०० |
| ६ | ३ विघा १ धुरदेखि ५ विघासम्म प्रति कठ्ठा | ५०।०० | ४५।०० | ४२।०० | ४०।०० |
| ७ | ५ विघा १ धुरभन्दा माथी प्रति कठ्ठा | ६५।०० | ६०।०० | ५५।०० | ६२।०० |
| ८ | सप्तकोशीले चर्चेको जग्गाको हकमा प्रति कठ्ठा रू.५ को दरले मात्र लाग्ने । | | | | |
| ९ | नोट : गत विगत आ.व. को बक्यौता मालपोत यस आ.व.मा बुझाएमा सम्पुर्ण रकम यस आ.व. को लागि निर्धारित दर अनुसार नै मालपोत असुली हुने । | | | | |
| १० | आ.व. ०७५।०७६ का लागि सर्जमिन दस्तुर रू.५००।०० का दरले लिने । | | | | |

## अनुसूची - ३

## आर्थिक वर्ष २०७५/०७६ को लागि घर बहाल करको विवरण

| क्र.सं. | विवरण | करको दर (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १. | बहाल भुक्तानी रकम (जतिसुकै भएपनि) | १० | |

## अनुसूची - ४

## आर्थिक वर्ष २०७५/०७६ को लागि व्यवसाय करको विवरण

**५. व्यवसाय कर :**

| **५.क.** | **दैनिक उपभोग्य वस्तुहरू राखि बिक्री गर्ने पसल :** | | |
|---|---|---|---|
| सि.न. | विवरण | करको दर | कैफियत |
| १ | रू १ लाख सम्म पुर्जी भएको लाई | ३००।०० | |
| २ | रू १ लाख एक देखि ५ लाख सम्म पुंजी भएको लाई | ५००।०० | |
| ३ | रू.५ लाख एक देखि १० लाख सम्म पुंजी भएको लाई | १,०००।०० | |
| ४ | रू.१० लाख एक भन्दा बढी पुंजी भएको लाई | २,०००।०० | |
| **५.ख.** | **टेलरिगं, सैलुन, लुगाधुने, पान, भाडाबनाउने तथा बेच्ने, अन्य समान बेच्ने पसल :** | | |
| सि.न. | विवरण | करको दर | |
| १ | २० हजार सम्म पुर्जी भएको लाई | २५०।०० | |
| २ | २० हजार भन्दा बढी भएको | ४५०।०० | |

| **५.ग.** | **सुन चांदी पसल संचालन** | | |
|---|---|---|---|
| सि.न. | विवरण | करको दर | कैफियत |
| १ | चांदी पसल संचालन गर्ने | २,०००।०० | |
| २ | सुनचांदीको कारोवार गर्ने | ४,०००।०० | |

| **५.घ.** | **मसलन्द, हार्डवेयर र धातुको व्यवासय गर्ने** | | |
|---|---|---|---|
| सि.न. | विवरण | करको दर | कैफियत |
| १ | मसलन्द व्यावसाय | ५००।०० | |
| २ | धातु व्यावसाय | १,०००।०० | |
| ३ | हार्डवेयर व्यावसाय | ३०००।०० | |
| **५.ङ.** | **फर्निचर, मेशीनरी समान इलोक्ट्रोनिक्स,आईसक्रिम र जुत्ता चप्पल व्यासाय गर्ने** | | |
| सि.न. | विवरण | करको दर | कैफियत |
| १ | १ लाख सम्म पुजी भएको लाई | १,०००।०० | |
| २ | १ लाख भन्दा बढी ५ लाख सम्म पुंजी भएको | १,५००।०० | |
| ३ | ५ लाख भन्दा माथी बढी पुंजी भएको लाई | ३,०००।०० | |

| | | | |
|---|---|---|---|
| ४ | सवारी साधन विक्री गर्ने (सोरूमलाई) | ३,०००।०० | |

| | | | |
|---|---|---|---|
| **५.च.** | **औषधी पसल, क्लिनिक :** | | |
| सि.न. | विवरण | करको दर | कैफियत |
| १ | खुद्रा औषधी पसल | १,०००।०० | |
| २ | खुद्रा तथा थोक दुवै वा थोक औषधी पसललाई | १,५००।०० | |
| ३ | मेडिकल हल क्लिनिक हल, उपचार केन्द्रलाई | १,५००।०० | |
| ४ | भेटनरी खुद्रा औषधी पसललाई | ७००।०० | |
| ५ | भेटनरी खुदा तथा थोक दुवै वा थोक औषधी पसललई | १,२००।०० | |
| ६ | पोलिक्लिनिक | ५,०००।०० | |
| ७ | बिउविजन कारोबार गर्ने | ५००।०० | |
| ५.छ. | बैंक तथा वित्तिय संस्थालाई | २,०००।०० | |
| ५.ज. | दुग्ध व्यवसाय तथा दुग्ध उधोग | ५००।०० | |
| **५.झ.** | सहकारी संस्था दर्ता शुल्क | २,०००।०० | |
| ५.ञ. | सहकारी संस्था नवीकरण शुल्क (कारोबारको ०।०३ पतिशत) | कारोबारको ०।०३ छ | |
| ५.ट. | सहकारीले समयमा नवीकरण नगराएमा, मासिक विवरण नबुझाएमा | १५००।०० | |
| ५.ठ. | कृषक समुह शुल्क | २००।०० | |
| | | | |
| ५.ठ. | **संस्थागत विद्यलाय एंव गुठी दर्ता/स्थापना/कक्षाथप/परीक्षा दस्तुर** | | |
| १ | आधारभुत तहको लाई (८ कक्षा सम्म) | ५०००।०० | |
| २ | माध्यमिक तहका लाई (९ र १० कक्षा) | १००००।०० | |
| ३ | माध्यमिक तह ( ११ र १२ कक्षा) | १५०००।०० | |
| ४ | नयाँ विद्यालय स्थापना | ३००००।०० | |
| ५ | कक्षा ८ को परीक्षा दस्तुर (संस्थागत विद्यालय) | ५००।०० | |
| **५.ड.** | **श्रैणी नखुलेका व्यवसाय** | | |
| सि.न. | विवरण | करको दर | कैफियत |
| १ | ग्रील बनाउने | १,०००।०० | |
| २ | फलामको समान बनाउने | ३००।०० | |
| ३ | फोटो फ्रेमिगं तथा फोटो स्टुडियो | ५००।०० | |
| ४ | साईकल मर्मत गर्ने पसल | १००।०० | |
| ५ | रेडियो टिभी मर्मत पसल | ५००।०० | |
| ६ | स्नुकर पुल हाउस | १,०००।०० | |
| ७ | फलफुल बिक्री पसल | १००।०० | |
| ८ | सिंगार समान बिक्री गर्ने | ५००।०० | |
| ९ | व्युटीपार्लर पसल मात्र | ५००।०० | |
| १० | चिसो पेय पदार्थ खुदरा विक्रेता (मदिरा बाहेक) | ३००।०० | |
| ११ | ट्रेनिगं, कोचिगं, कम्प्युटर क्लास सेन्टर | ५००।०० | |
| १२ | साईबर क्याफे, टेलीफोन (कम्युनिकेसन) सेन्टर | ३००।०० | |
| १३ | ड्राइक्लिर्नस | ३००।०० | |
| १४ | सिलाई बुनाई र कटिगं सेन्टर | ५००।०० | |
| १५ | टेलरिगं | १,०००।०० | |

| | | | |
|---|---|---|---|
| १६ | फोटोकपी संचालन गर्ने | १००।०० | |
| १७ | अडियो भिडियो सिडी कारोबार गर्ने | १००।०० | |
| १८ | बियर, कोक फेन्टा सहित मदिराको डिलर | २,०००।०० | |
| १९ | वियर, कोक फेन्टा सहित मदिराको सब डिलर | १०००।०० | |
| २० | भुस चोकर दानाको डिलर | ५००।०० | |
| २१ | ग्यास चुल्लो र ग्यासडिलर बिक्री | १,०००।०० | |
| २२ | प्रेश/छापाखाना | ५००।०० | |
| २३ | सवारी साधनको टायर मर्मत केन्द्र | ५००।०० | |
| २४ | चक, खरी र मैनवती उधोग | १००।०० | |
| २५ | कपडा, कागजको झोला, टिका बनाउने उधोग | १००।०० | |
| २६ | इट्टा भट्टा प्रति चिम्नी | २५०००।० | |
| २७ | ढुङ्गा इट्टा बालुवा विक्री डिपो | ५००।०० | |
| २८. | कंक्रीट उद्योग (होमपाईप, ब्लक) | ११०००।०० | |
| २९. | क्रसर उद्योग | ११०००।०० | |
| ३०. | सिमेन्टको रिगं, पिलर, डुड बनाउने | ५००।०० | |
| ३१ | कत्था उधोग | ५,०००।०० | |
| ३२ | काठको मिल | २,०००।०० | |
| ३३ | काठको खरिद बिक्री गर्ने डिपो | २,५००।०० | |
| ३४ | घरसार सिफारिस | १,०००।०० | |
| ३५ | पोल्ट्री फर्म | ५००।०० | |
| ३६ | पेट्रोल डिजल बिक्री गर्ने पम्प | ५,०००।०० | |
| ३७ | टुर एण्ड ट्राभल्स तथा मनी ट्रान्सफर सेवा | ३,०००।०० | |
| ३८ | फर्निचर सो रूम | १,०००।०० | |
| ३९ | फर्निचर बनाउने पसल | १,०००।०० | |
| ४० | होटल तथा लज व्यवसाय | १,०००।०० | |

## अनुसूची - ५

## आर्थिक वर्ष २०७५/०७६ को लागि जडिबुटी, कवाडी र जीवजन्तु करको विवरण

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १. | **जडिबुटी, र जीवजन्तुको ब्यवसाय गर्ने देहाय बमोजिमको ब्यवसायहरु**<br>क) ५ लाख सम्मको पूँजी भएको<br>ख) २५ लाख सम्मको पूँजी भएको<br>ग) २५ लाख भन्दा बढी | ५००।-<br>१०००।-<br>२०००।- | |
| **२.** | **कवाडी कर :** | | |
| ११.१ | फलाम प्रति केजी | १।०० | |
| ११.२ | खाली सिसी(सबै खाले) प्रति बोतल | ०।१० | |
| ११.३ | प्लाष्टिक प्रति केजी | ०।५० | |
| ११.४ | कागज कार्टुन प्रति केजी | ०।५० | |

| | | | |
|---|---|---|---|
| ११.५ | पुराना टायर, टयुब प्रति गोटा | ०।५० | |
| ११.६ | पुराना साइकल | १।०० | |

## अनुसूची - ६

## आर्थिक वर्ष २०७५/०७६ को लागि सवारी साधन करको विवरण

**क. बराहक्षेत्र न.पा. सवारी साधन रूट सिफारिस दस्तुर कर**

| सि.न. | सवारी साधनको विवरण | करको दर वार्षिक | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक र अन्य हेभी गाडी | ३,०००।०० | |
| २ | मिनी बस र मिनी ट्रक | २,०००।०० | |
| ३ | माइक्रो बस, जिप र ल्यान्डरौभर | १,०००।०० | |
| ४ | ई रिक्सा | १०००।०० | |
| | | | |

**ख. सवारी साधन नवीकरण दस्तुर :**

| सि.न. | सवारी साधनको विवरण | करको दर वार्षिक | कैफियत |
|---|---|---|---|
| १ | टाँगा | १००।०० | |
| २ | रिक्सा | १००।०० | |
| ३ | अटो रिक्सा | १०००।०० | |
| ४ | विधुतीय रिक्सा (ई रिक्सा) | १०००।०० | |
| ५ | पावर टिलर | १०००।०० | |

**ग. बराहक्षेत्र न.पा. पटके सवारी साधन कर :**

| सि.न. | सवारी साधनको विवरण | करको दर दैनिक | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक र अन्य हेभी गाडी | २५।०० | |
| २ | मिनी बस र मिनी ट्रक | २०।०० | |
| ३ | माइक्रो बस जिप र टेक्टर | १५।०० | |
| ४ | टेम्पु, भ्यान र कार | १०।०० | |

नोट : उल्लेखित पटके सवारी साधन करको दरका आधारमा पटकेसवारी साधन करको व्यवस्थापन गर्न न्युनतम कबोल अंक रू.पांचलाख निर्धारण गरिएको छ ।

## अनुसूची - ७

## आर्थिक वर्ष २०७५/०७६ को लागि विज्ञापन करको विवरण

| सि. न. | विवरण | प्रति वर्ग फिट वार्षिक |
|---|---|---|
| १ | होर्डिगं बोर्ड वा वालपेन्टिगं | २०।०० |

## अनुसूची - ८

## आर्थिक वर्ष २०७५/०७६ को लागि मनोरन्जन करको विवरण

| | | | |
|---|---|---|---|
| **३** | **बराहक्षेत्र न.पा.मा मनोरञ्जनको कर दररेट :** | | |
| **३.क.** | **मेला संचालन** | | |
| सि.न. | विवरण | ७ दिन सम्मका लाई | ७ दिन भन्दा माथीका लाई |
| १ | रमाइलो मेला | १५,०००।०० | ५०,०००।०० |
| २ | मिनि रमाइलो मेला | ९,०००।०० | २५,०००।०० |
| **३.ख.** | **जल बिहार र ऱ्याफटिगं** | | |
| सि.न. | विवरण | करको दर(वार्षिक) | |
| १ | जेटबोट संचालन | ३,००,०००।०० | |
| २ | परागलाडिगं | ५,०००।०० | |
| ३ | ऱ्याफटिगं | २,०००।०० | |
| ४ | वोटिङ्ग | १०००।०० | |

## अनुसूची - ९

## आर्थिक वर्ष २०७५/०७६ को लागि बहाल विटौरी शुल्कको विवरण

आ.व.२०७४।७५ को लागि साविक मधुवन गा.वि.स.को सुपरमार्केट कोठा भाडा, गुम्ती, छाप्रो सहितको कर विवरण

| **क.सं.** | **विवरण** | **प्रति कोठा मासिक दर** | **क.सं.** | **विवरण** | **प्रति पसल करको दर** |
|---|---|---|---|---|---|
| १ | पश्चिम पट्टीको पक्की सुपर मार्केट कोठा संख्या ४ (चार) | ६००।०० | ५ | टिनको छानो र पक्की वाल भएको कोठा संख्या ४ (चार) | ३००।०० |
| २ | पूर्व पट्टीको पक्की सुपर मार्केट | ५००।०० | ६ | गुम्ती ठुलो प्रति महिना | १००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | कोठा संख्या ४ (चार) | | | | |
| ३ | पश्चिम पट्टीको पक्की सानो सुपर मार्केट कोठा संख्या ५ ( पांच) | ५००।०० | ७ | गुम्ती सानो प्रति महिना | ७५।०० |
| ४ | पूर्व पट्टीको पक्की सानो सुपर मार्केट कोठा संख्या ५ (पांच) | ४००।०० | ८ | छाप्रो भएको टहरो सानो र ठुलो गरी | १००।००<br>१५०।०० |

## अनुसूची - १०

## आर्थिक वर्ष २०७५/०७६ को लागि पार्किङ्ग शुल्कको विवरण

| क.स. | विवरण | प्रति दिन दर | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, लरी, हेभी गाडी, | रु ३०।- | |
| २ | मिनी बस, मिनी ट्रक | रु २५।- | |
| ३ | ट्रयाक्टर, जीप, कार, भेन | रु २०।- | |
| ४ | अटो रिक्सा , ई, रिक्सा, पावरटेलर, टेम्पो | रु १०।- | |

## अनुसूची - ११

## आर्थिक वर्ष २०७५/०७६ को लागि सेवा शुल्क र दस्तुरको विवरण

यस शिर्षक अन्तर्गत निम्न अनुसार दस्तुर लिने निर्णय गरियो :-

| ७. | **सिफारिस दस्तुर :** | | |
|---|---|---|---|
| सि.न. | विवरण | करको दर | कैफियत |
| ७.१ | निवेदन दस्तुर | १०।०० | |
| ७.२ | प्रतिलिपी तथा नक्कल दस्तुर प्रति पाना | ५।०० | |
| ७.३ | कंसुलर प्रमाणित सिफारिस दस्तुर (पति पाना ) | १५०।०० | |
| ७.४ | घर जग्गा सिफारिस मुल्यांकन, मासिक वा वार्षिक आय प्रमाणित (प्रति लाख ) | १००।०० | |
| ७.५ | अध्ययनका लाई विदेश जान मुल्यांकन सिफारिस वा मासिक वार्षिक आय प्रमाणित अंग्रजी वा नेपालीमा (प्रति लाख ) | ५०।०० | |
| ७.६ | उद्योग वा कल कारखानाको लागि सिफारिस गर्दा प्रति सिफारिस दस्तुर | | |

| | | | |
|---|---|---|---|
| ७.६.१ | साना उद्योगका लाई | १०००।०० | |
| ७.६.२ | मझौला उद्योगका लाई | ३०००।०० | |
| ७.६.३ | ठुला उद्योगका लाई | ५०००।०० | |
| **७.७** | **घर जग्गाको चार किल्ला प्रमाणित गर्दा** | | |
| ७.७.१ | प्रति कठ्ठा रू. | ५०।०० | |
| ७.७.२ | १ कठ्ठा भन्दा कम जग्गा भएमा | ५०।०० | |
| ७.७.३ | नागरिकता प्रमाण पत्र वा प्रतिलिपी सिफारिस गर्दा | १००।०० | |
| ७.७.४ | स्थायी, अस्थायी बसोबास नाम संशोधन, ठेगना, थर, ना.प्र.प. संशोधन, र विधुत जडानका लागि सिफारिस गर्दा | १५०।०० | |
| ७.७.५ | नाता प्रमाणित, घर कायम, फोटो टांस, जग्गा धनी प्रमाण पुर्जा सिफारिस, घरेलु उद्योग, बैदैशिक रोजगार सिफारिस, ऐलानी जग्गामा विधुत मिटर, न.पा.मा उजुरी वा मिलापत्र गर्दा प्रति सिफारिस | १५०।०० | |
| ७.७.६ | घरजग्गा नामसारी वा सर्जमिन मुचुलका गर्दा प्रति सिफारिस | ५००।०० | |
| ७.७.७ | ट्रयाक्टर वा थ्रेसर खरिद गर्ने सिफारिस गर्दा प्रति सिफारिस | ५००।०० | |
| ७.७.८ | जग्गा रेखांकन दस्तुर (सबै वडाको हकमा) | १७००।०० | |
| **८.** | **मोही नामसारी :** | | |
| ८.१ | ५ कठ्ठा सम्मको लागि प्रति कठ्ठा | १००।०० | |
| ८.२ | १० कठ्ठा सम्मका लागि | १०००।०० | |
| ८.३ | १० कठ्ठा १ धुर भन्दा माथी देखि १ विघा सम्मका लागि | २०००।०० | |
| ८.४ | १ विघा भन्दा बढी भएमा | २५००।०० | |
| **९.** | **जग्गा बेचबिखन र घरबाटो भए नभएको सिफारिस** | | |
| ९.१ | क) भरौल, चतरा, चक्रघट्टी, प्रकाशपुर, मधुवन को मुख्य बजार एरियाको सडकसंग जोडिएको जग्गा सिफारिस प्रति कठ्ठा | ६००।०० | |
| ९.२ | माथी उल्लेखित बाहेकको जग्गामा तपसिल अनुसार | | |
| ९.३ | १० धुर सम्म बाटो नभएकोलाई | १५०।०० | |
| ९.४ | १० धुर सम्म बाटो भएकोलाई | २५०।०० | |
| ९.५ | १० धुर देखि १ कठ्ठा सम्मका बाटो नभएको लाई | २५०।०० | |
| ९.६ | १० धुर देखि १ कठ्ठा सम्मका बाटो भएको लाई | ३५०।०० | |
| ९.७ | १ कठ्ठा २ कठ्ठा सम्म बाटो नभएको लाई | ३५०।०० | |
| ९.८ | १ कठ्ठा देखि २ कठ्ठा सम्म बाटो भएको लाई | ४५०।०० | |
| ९.९ | २ कठ्ठा देखि ३ कठ्ठा सम्म बाटो नभएको लाई | ४५०।०० | |
| ९.१० | २ कठ्ठा देखि ३ कठ्ठा सम्म बाटो भएको लाई | ५५०।०० | |
| ९.११ | ३ कठ्ठा देखि ५ कठ्ठा सम्म बाटो नभएको लाई | ५५०।०० | |
| ९.१२ | ३ कठ्ठा देखि ५ कठ्ठा सम्म बाटो भएको लाई | ७५०।०० | |
| ९.१३ | ५ कठ्ठा देखि १० कठ्ठा सम्म बाटो नभएको लाई | ६५०।०० | |
| ९.१४ | ५ कठ्ठा देखि १० कठ्ठा सम्म बाटो भएको लाई | ८५०।०० | |
| ९.१५ | १० कठ्ठा देखि १ विघा सम्म बाटो नभएको लाई | १०००।०० | |

| | | | |
|---|---|---|---|
| ९.१६ | १० कठ्ठा १ विघा सम्म बाटो भएको लाई | २०००।०० | |
| ९.१७ | १ विघा देखि माथी बढी जतिसुकै बटो नभएको लाई | १५००।०० | |
| ९.१८ | १ विघा देखि माथी बढी जतिसुकै बटो भएको लाई | ३०००।०० | |
| ९.१९ | १ विघा भन्दा बढी भएमा प्रति विघा | १०००।०० | |
| ९.२० | घर नक्सा प्रमाणित गर्दा प्रति स्क्वायर फिट ( दुई वटा नक्सा आएमा २ वटा सिफारिस बाराबर रकम दस्तुर लाग्ने छ ) | ३।०० | |
| ९.२१ | घर नक्सा प्रमाणित गर्दा ( मथिलो तल्लामा ट्रस्ट निर्माण हुंदाको हकमा प्रति स्क्वायर फिट | १।५० | |
| ९.२२ | घर नक्सा प्रमाणित गर्दा ( पक्की घर टीनले छाना लगाएको हकमा प्रति स्क्वायर फिट | २।०० | |
| ९.२२ | घर कायम सिफारिस गर्दा प्रति लाख | १००।०० | |

| **१३** | **उजुरी वा प्रतिवाद दर्ता/मेलमिलाप दस्तुर :** | | |
|---|---|---|---|
| १३.१ | मिलापत्र दस्तुर | १०१।०० | |
| १३.२ | विगो भराउंदा, उठती उठाइदिदां रकमको १ प्रतिशत | १ प्रतिशत | |
| १३.३ | उजुरी वा प्रतिवाद दर्ता दस्तुर | १००।०० | |

## अनुसूची - १२

## आर्थिक वर्ष २०७४/०७५ को लागि पर्यटन शुल्क विवरण

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| | | | प्रदेश कानुनद्वारा निर्धारण भए बमोजिम हुने । |

## अनुसूची - १३

## आर्थिक वर्ष २०७५/०७६ को लागि अन्य विविध कर दस्तुर विवरण

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | पञ्जिकरण दस्तुर (जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई दर्ता, सम्बन्ध बिच्छेद, बिवाह दर्ता) | रु.५०।- | ३५ दिनभित्र आएमा नलाग्ने, म्याद नाघी आएकोमा मात्र लाग्ने । |
| २ | एफ.एम. रेडियो सञ्चालन अनुमति शुल्क<br>क) शुरु अनुमति पत्र<br>ख) बार्षिक नविकरण<br>ग) इजाजत पत्रको प्रतिलिपी | <br>रु.६०००।-<br>रु.१५००।-<br>रु.१०००।- | नगरपालिका स्थापना वा यो ऐन जारी हुँदाका बखत सञ्चालनमा रहेका एफ.एम. सेवा प्रदायकले बार्षिक |

| | | | |
|---|---|---|---|
| | | | नविकरण शुल्क मात्र बुझाउनु पर्नेछ । |
| ३ | ई-रिक्सा दर्ता तथा अनुमति शुल्क<br>क) शुरु सवारी दर्ता<br>ख) नविकरण | रु.५,०००।-<br>रु.१,५००।- | नगरपालिका स्थापना वा यो ऐन जारी हुँदाका बखत सञ्चालनमा रहेका ई-रिक्साको हकमा बार्षिक नविकरण शुल्क मात्र बुझाउनु पर्नेछ । |
| ४ | अन्य | | उल्लेखित शिर्षक बाहेकका अन्य शिर्षकमा कर लगाउनु परेमा राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरे अनुसार लागु हुने । |

| **६.** | **निकासी शुल्क** | | |
|---|---|---|---|
| सि.न. | विवरण | करको दर | कैफियत |
| १ | रागां, भैसी, गाई, गोरू र सुंगुर बिक्री तथा निकासी कर (प्रतिगोटा) | १५।०० | |
| २ | बाखा, पाठा, खसी, बोका, भेडा प्रति गोटा | १०।०० | |
| ३ | धान, चामल, गहुं प्रति बोरा | २।०० | |
| ४ | सनपाट खरिद गरि लानेलाई प्रति ट्रक | ५०।०० | |
| ५ | सनपाट खरिद गरि लानेलाई प्रति टयाक्टर | ३०।०० | |
| ६ | सनपाट खरिद गरि लानेलाई प्रति गोरू गाडाको | १०।०० | |
| ७ | तोरी, कोदो, मकै प्रति बोरा | ५।०० | |
| ८ | काठ खरिद गरि लाने व्यापारीलाई प्रति क्युफिट | २।०० | |

| **६.क.** | **निकासी शुल्क (ढुगां, गिटी, बालुवा, माटो वा अन्य समान ओसार पसार गर्ने) :** | | |
|---|---|---|---|
| सि.न. | विवरण | करको दर | कैफियत |
| | न.पा क्षेत्रको बाटो भई अन्यत्र ढुगां, गिटी, बालुवा, माटो वा अन्य सामान ओसारपसार गर्ने | | |
| १ | १० चके ट्रिपर | १५०।० | |
| २ | ६ चक्कटिपर | १००।० | |
| ३ | फुलबडी ट्रक (प्रति ट्रिप) | ५०।०० | |

| | | | |
|---|---|---|---|
| ४ | ट्रयाक्टर (प्रति ट्रिप) | ३०।०० | |
| ५ | खाली बोतल तथा सुपारी निकासी प्रति बोरा | ५।०० | |
| ६ | न.पा.क्षेत्रमा उत्पादित खोटो रोजिन एण्ड टर्पेन्टाईल अन्य क्षेत्रमा खरिद गरी लैजादा प्रति टिन | ५।०० | |
| | न.पा.क्षेत्रमा उत्पादित खोटो, रोजिन एण्ड टर्पेन्टाईलको तेल अन्य क्षेत्रमा खरिद गरि लैजांदा प्रति लिटर | १।०० | |

| | | | |
|---|---|---|---|
| १२. | **जलचर कर : (माछा मार्ने का लागि)** | | |
| १२.१ | प्रति व्यक्ति वार्षिक | १०००।०० | |

- सामुदायिक बिधालयहरुको मुद्धति खाता नबिकरण गर्दा बार्षिक रुपमा रु.५००.पांच सय॰ शुल्क लिने निर्णय गरियो *
- ठूला ब्यबसायउद्धोग दर्ता गर्दा निम्नअनुसारको शुल्क लिने निर्णय गरियो*
  - रु.पचास लाख देखि ८० लाख सम्म पूजी भएकोलाई रु १२ᐧ०००
  - रु.८०लाख१ देखि १ करोड़ सम्म पूजी भएकोलाई रु.१५ᐧ०००
  - रु.१ करोड़ १ देखि २ करोड़ सम्म पूजी भएकोलाई रु.२०ᐧ०००
  - रु.२ करोड़ १ देखि बढ़ी पूजी भएकोलाई रु.३०ᐧ०००
- यस बराहक्षेत्र न.पा. क्षेत्र बाहिरका अडिटर्सᐧ स्टेशनरीᐧ छापाखानाᐧ हार्डवेयर पसलᐧ सवारी मर्मत केन्द्रᐧ बिज्ञापन एजेंशी लगायत यस्तै प्रकृतिका अन्यको अभिलेख ब्यबस्थापन .सूचीकृत॰ गर्दा रु ५०० शुल्क लिने निर्णय गरियो *
- संघ संस्था सुचिकृत दस्तुर रु १०००।००
- गैरसरकारी संघ संस्था सुचिकृत दस्तुर रु २०००।००
- यस बराहक्षेत्र न.पा. बाट रासायनिक मलखादᐧ बिउबिजनᐧ बिषादी .कृषि॰ को बिक्रिबितरण अनुमति दीदा रु.७०० शुल्क लिने निर्णय गरियो र बार्षिक नाबिकरण शुल्क रु.३०० लिने निर्णय गरियो *
- घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र दस्तुर रु १०००।००
- घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र नविकरण दस्तुर रु १०००।००
- घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र नविकरण थप दस्तुर रु २०००।००
- घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र प्रतिलिपी दस्तुर रु ५००।००

**<u>प्रमाणिकरण गर्नेको</u>**

दस्तखत :

नाम थर : निलम खनाल

दर्जा : नगर प्रमुख

कार्यालयको छाप :

पृष्ठ संख्या : १४